# प्रदेश राजपत्र


गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, साउन १८ गते, २०८३ साल (अतिरिक्ताङ्क ५


## भाग १

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारण सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नं ४

### औषधिजन्य तथा अद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**<u>प्रस्तावना</u>ः** गण्डकी प्रदेशमा परम्परागत रुपमा सामाजिक, सांस्कृतिक र औषधिजन्य प्रयोजनका लागि गाँजाको खेती र उपयोग हुँदै आएको सन्दर्भमा गाँजा खेतीलाई प्रदेशको भौगोलिक विशेषता, जमिनको उर्वरता र बालीगत उपयुक्तता तथा व्यावसायिक सम्भाव्यता समेतका आधारमा प्रदेशमा उपलब्ध जमिनमा औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि व्यवस्थित रुपमा गाँजा खेती गर्नका लागि अनुमति प्रदान गरी रोजगारी र आय आर्जनमा अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गरी नियमन र उपयोग गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेती (नियमन र उपयोग) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अनुमतिपत्र" भन्नाले गाँजा खेती गर्न दफा ८ बमोजिम दिईएको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले दफा ८ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ग) "इकाई" भन्नाले दफा १८ बमोजिमको गाँजा खेती नियमन तथा व्यवस्थापन इकाई सम्झनु पर्छ।

(घ) "औद्योगिक प्रयोजन" भन्नाले भाँगो उत्पादन गर्ने र लागू औषधको रुपमा प्रयोग हुन सक्ने गाँजाको चोप, खोट जस्ता पदार्थ बाहेकका औद्योगिक कच्चा पदार्थको रूपमा उपयोग गर्ने प्रयोजनका लागि गाँजाको बोटबाट प्राप्त हुने फाइबर, बीउ, पात, फूल, तेल, डाँठ, जरा वा अन्य अंशको प्रयोग, प्रशोधन, उत्पादन वा उपयोग गर्ने कार्य सम्झनु पर्छ।

**<u>स्पष्टीकरण</u>**ः भाँगो भन्नाले छोप, अचार र चटनी बनाउनका लागि खाद्य वस्तुका रुपमा प्रयोग गरिने गाँजाको बोटमा फल्ने दानालाई जनाउँछ।

(ङ) "औषधिजन्य प्रयोजन" भन्नाले मानिस, पशु वा पन्छीलाई हुने रोगको निदान गर्न, उपचार गर्न वा रोकथाम गर्न, रोग निको पार्न वा साम्य गर्न, पीडा न्यूनीकरण गर्न गरिने गाँजा वा गाँजाजन्य पदार्थको प्रयोगलाई जनाउँछ।

(च) “गाँजा” भन्नाले गाँजाको बोटको पात, फूल, बिउ वा फल सम्झनु पर्छ र सो शब्दले गाँजा जातको भाँगो वा सिद्धको पात, फूल, बिउ वा फल वा गाँजाको बोटबाट प्राप्त गरिएको प्राकृतिक खोटो, लिस्सा, चोप वा गाँजाको निस्सार वा निष्कर्षलाई समेत जनाउँछ।

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "निर्देशक" भन्नाले इकाईको प्रमुखको रुपमा काम गर्ने दफा १८ को उपदफा (३) बमोजिमको निर्देशक सम्झनु पर्छ।

(झ) “निर्देशक समिति” भन्नाले दफा १६  बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ञ) “निरीक्षक” भन्नाले दफा १९ बमोजिम तोकिएको वा खटाईएको अधिकृत सम्झनु पर्छ।

(ट) "पुनःस्थापना केन्द्र" भन्नाले दफा २७ बमोजिम स्थापना भएको केन्द्रलाई सम्झनु पर्छ।

(ठ) “प्रदेश” भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ड) "प्रयोगशाला" भन्नाले दफा १४ बमोजिम स्थापना भएको प्रयोगशालालाई सम्झनु पर्छ।

(ढ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ण) "स्थानीय निगरानी समिति" भन्नाले दफा २१ बमोजिमको स्थानीय निगरानी समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## अनुमतिपत्र तथा ओसारपसार सम्बन्धी व्यवस्था

३. **गाँजा खेतीको लागि क्षेत्र तोक्न सक्नेः-** (१) प्रदेश सरकारले इकाईको सिफारिसमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको कुनै जिल्ला वा स्थानीय तहको कुनै स्थानलाई औषधिजन्य वा औद्योगिक प्रयोजन वा दुवै प्रयोजनको लागि गाँजा खेती गर्न सकिने क्षेत्रको रुपमा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम क्षेत्र तोक्दा गाँजा उत्पादनको संभाव्यता, उत्पादन हुने गाँजा वा गाँजाजन्य पदार्थको गुणस्तर तथा गाँजा खेती गर्नको लागि कायम गर्न सकिने सुरक्षा व्यवस्था, अनुगमन तथा नियमन गर्न सकिने सहजता, खाद्य उत्पादन र खाद्य सुरक्षामा पर्न सक्ने असर समेतलाई विश्लेषण गरी क्षेत्र तोक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गाँजा खेती गर्न सकिने क्षेत्र तोक्दा मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग परामर्श गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम क्षेत्र तोक्दा प्रत्येक अनुमतिपत्र प्राप्त व्यक्तिले गाँजा खेती गर्न पाउने अधिकतम क्षेत्रफल समेत तोक्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम तोकिएको क्षेत्र प्रदेश सरकारले निर्देशकको सिफारिसमा आवश्यकता अनुसार समय समयमा थपघट वा हेरफेर गर्न सक्नेछ।

४. **गाँजा खेती गर्न सकिनेः-** (१) कसैले पनि यो ऐन बमोजिम अनुमति नलिई गाँजा खेती गर्न, गराउन हुँदैन।

(२) प्रदेश सरकारबाट गाँजा खेती गर्न अनुमति प्राप्त व्यक्ति वा फर्म वा संस्थाले यस ऐनको दफा ३ बमोजिम तोकिएको क्षेत्रमा तोकिए बमोजिमको प्रजातिका मात्र गाँजा खेती गर्न सक्नेछ।

(३) यस ऐनको दफा ३ बमोजिम तोकिएको क्षेत्रमा प्राकृतिक रुपमा उम्रिएका मापदण्ड अनुसारको गुणस्तर कायम भएको गाँजाको बोटलाई अनुमति प्राप्त व्यक्ति वा फर्म वा संस्थाले अनुमति प्राप्त प्रयोजनका लागि उपयोग गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम खेती गरिएको गाँजा कटान, भण्डारण, प्रयोग र बिक्रीवितरण गर्नु अघि गाँजामा रहेको रसायनिक पदार्थ टेट्राहाइड्रोक्यानाबिनोल (Tetrahydrocannabinol-THC) को मात्रा ०.३ प्रतिशत सीमा भन्दा बढी नहुने सुनिश्चित गर्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि औषधि उत्पादन गरी निकासी पैठारी वा अध्ययन अनुसन्धान गर्ने प्रयोजनका लागि प्रदेश सरकारको पूर्ण निर्देशन र नियन्त्रणमा रही गाँजाको खेती गर्न बाधा पर्नेछैन।

(६) गाँजाको बिउको नमूना प्रमाणीकरण, बिउको उत्पादन र गाँजा खेती सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **पूर्व सहमति लिनु पर्नेः-** (१) दफा ३ बमोजिमको क्षेत्रमा औषधिजन्य वा औद्योगिक प्रयोजन वा दुवै प्रयोजनको लागि गाँजा खेती गर्न चाहने व्यक्तिले देहायको विवरण तथा कागजात संलग्न गरी पूर्व सहमतिको लागि इकाई समक्ष निवेदन दिनु पर्नेछः-

(क) गाँजा खेती गर्न चाहेको व्यक्तिको नाम, थर, ठेगाना र सम्पर्क नम्बर तथा कम्पनी वा फर्म भएमा सोको नाम तथा रजिष्टर्ड कार्यालय, स्थायी लेखा नम्बर, सम्पर्क व्यक्ति र सम्पर्क नम्बर,

(ख) गाँजा खेती गर्न चाहेको स्थान र क्षेत्रफल,

(ग) आफ्नै नाममा रहेको जग्गामा खेती गर्ने वा जग्गा भाडा वा लिजमा लिएर खेती गर्न हो सो समेत खुलेको गाँजा खेती गरिने जग्गाको स्वामित्व सम्बन्धी विवरण,

(घ) गाँजा खेतीको अनुमतिको लागि सम्बन्धित स्थानीय तहबाट गरिएको सिफारिस पत्र,

(ङ) औषधिजन्य वा औद्योगिकमध्ये कुनै एक प्रयोजनको लागि वा दुबै प्रयोजनको लागि कच्चा पदार्थको रुपमा प्रयोग हुन सक्ने गरी गाँजा खेती गर्न अनुमतिपत्र लिन चाहेको हो सोको व्यहोरा,

(च) गाँजा खेतीबाट उत्पादन हुने औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि उपयोग हुन सक्ने गाँजाजन्य पदार्थको परिमाण,

(छ) खेती गरिएको गाँजाको उपयोग सम्बन्धमा प्रचलित कानून बमोजिम स्थापना भएका औषधि उद्योग वा अन्य उत्पादनमूलक उद्योगबाट खरिद गरिने सुनिश्चितता हुने गरी सम्बन्धित उद्योगले दिएको सहमतिपत्र,

तर उपदफा (२) बमोजिम परेको निवेदनको हकमा प्रयोग हुनसक्ने गाँजा वा गाँजाजन्य पदार्थको परिमाण खुलाई सम्बन्धित उद्योग दर्ताको प्रमाणपत्र संलग्न गरे पुग्नेछ ।

(ज) तोकिए बमोजिमको अन्य विवरण।

(२) प्रचलित कानून बमोजिम गाँजा वा गाँजाजन्य पदार्थबाट औषधि वा उपभोग्य वस्तु उत्पादन गर्ने गरी स्थापना भएको उद्योगले आफ्नो प्रयोजनको गाँजा खेती गर्न चाहेमा अनुमतिपत्रको लागि उपदफा (१) बमोजिम निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर इकाईले जाँचबुझ गरी निवेदकलाई औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेती गर्न पूर्व सहमतिपत्र दिन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (४) बमोजिम तोकिएको क्षेत्रफल भन्दा बढी हुने गरी गाँजा खेती गर्न पूर्व सहमतिपत्र दिईने छैन।

(५) उपदफा (३) बमोजिम प्रदान गरिएको पूर्व सहमतिपत्र एक वर्षको अवधिको लागि मान्य हुनेछ र सो अवधिभित्र यस ऐन बमोजिम तयार गर्नु पर्ने पूर्वाधार तयार गरी अनुमतिपत्र नलिएमा त्यस्तो पूर्व सहमतिपत्र स्वतः अमान्य हुनेछ।

६. **पूर्वाधार व्यवस्था गर्नु पर्नेः-** दफा ५ बमोजिम गाँजा खेतीको लागि पूर्व सहमतिपत्र प्राप्त व्यक्तिले गाँजा खेती गरिने जग्गामा देहायको व्यवस्था गर्नु पर्नेछः-

(क) खेती गरिएको स्थानमा अनधिकृत व्यक्तिको सहज पहुँच हुन नसक्ने गरी आवश्यक पर्खाल वा तारबारको व्यवस्था,

(ख) गाँजा खेतीको सुरक्षाको लागि आवश्यक हेरालु, विद्युतीय निगरानी (सि.सि.टि.भी.) समेतको पूर्वाधारको व्यवस्था,

(ग) उपभोग्य वस्तु उत्पादन गर्न औद्योगिक प्रयोजनको लागि मात्र खेती गरिने वा खेती गरिएको स्थानमानै प्रशोधन गरिने भएमा सोको लागि पूर्वाधारको व्यवस्था,

(घ) गाँजाको फसल तयार भएपछि भण्डारणको लागि खेती गरिएको स्थानमा सुरक्षित भवन वा स्थान, र

(ङ) तोकिए बमोजिमको अन्य व्यवस्था।

७. **अनुमतिपत्रको लागि निवेदन र जाँचबुझः-** (१) दफा ५ बमोजिम पूर्व सहमतिपत्र प्राप्त व्यक्ति वा उद्योगले दफा ६ बमोजिमको पूर्वाधार तयार गरेपछि देहायका विवरण तथा कागजात संलग्न गरी औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेती गर्ने अनुमतिपत्र पाउन तोकिए बमोजिमको ढाँचामा इकाईमा निवेदन दिनु पर्नेछः–

(क) अनुमतिपत्र लिन चाहेको व्यक्तिको नाम, थर, ठेगाना र सम्पर्क नम्बर तथा उद्योग, कम्पनी वा फर्म भएमा सोको नाम, रजिष्टर्ड कार्यालयको ठेगाना, सम्पर्क व्यक्ति र सम्पर्क नम्बर,

(ख) गाँजा खेती गरिने जग्गा रहेको स्थान, जग्गाको कित्ता नम्बर तथा क्षेत्रफल र चारकिल्ला खुलेको विवरण र फोटो,

(ग) औषधिजन्य वा औद्योगिकमध्ये कुन प्रयोजनको लागि वा दुबै प्रयोजनको लागि कच्चा पदार्थको रुपमा प्रयोग हुन सक्ने गरी गाँजा खेती गर्न अनुमतिपत्र लिन चाहेको हो सोको व्यहोरा,

(घ) जग्गाधनीको नाम, थर, ठेगाना वा निवेदकको नाममा जग्गा नरहेको भएमा जग्गाधनीसँग गाँजा खेतीको लागि कम्तीमा पाँच बर्षको लागि जग्गा लिज वा भाडामा लिएको सम्झौताको प्रतिलिपि,

(ङ) तयार भएको गाँजा खरिद गर्ने सुनिश्चितताको लागि परिमाण र अवधि समेत खुलेको प्रचलित कानून बमोजिम स्थापना भएका औषधि उद्योग वा उपभोग्य वस्तु उत्पादन गर्ने उद्योगसँग गरिएको सम्झौताको प्रतिलिपि,

(च) पछिल्लो दश वर्षमा लागू औषध सम्बन्धी कसूरमा सजाय नपाएको स्वःघोषणा,

(छ) दफा ६ बमोजिमको पूर्वाधार पूरा गरेको स्वःघोषणा,

(ज) तोकिए बमोजिमका अन्य विवरण तथा कागजात।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

८. **अनुमतिपत्र दिनेः-** (१) दफा ७ बमोजिम परेको निवेदन र सोसाथ संलग्न कागजात तथा विवरण सम्बन्धमा इकाईले आवश्यक जाँचबुझ गर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा पेस गर्नु पर्ने कागजात वा विवरण पेस नभएको वा सो सम्बन्धमा थप जानकारी लिन आवश्यक देखिएमा निवेदन परेको सात दिनभित्र निवेदकबाट थप कागजात वा विवरण पेस गर्न वा जानकारी माग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्ने क्रममा दफा ६ बमोजिमको पूर्वाधार पूरा भए नभएको विषयमा इकाईले निरीक्षकलाई गाँजा खेती गर्ने स्थानको स्थलगत निरीक्षण गर्न लगाई पूर्वाधार पूरा भए नभएको र औषधि उत्पादन गर्ने वा उपभोग्य वस्तु उत्पादन गर्ने उद्योगको क्षमता भए नभएको प्रतिवेदन पेस गर्न लगाउनेछ।

(४) उपदफा (१) बमोजिम आवश्यक जाँचबुझ गर्दा अनुमतिपत्र दिन उपयुक्त देखेमा तोकिए बमोजिमको दस्तुर लिई इकाईले निवेदकलाई औषधिजन्य वा औद्योगिक प्रयोजन मध्ये कुनै एक वा दुबै प्रयोजनको लागि गाँजा खेती गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अनुमतिपत्र दस्तुर तोक्दा प्रत्येक प्रयोजनको लागि रकम फरक फरक हुने गरी तोक्न सकिनेछ।

९. **अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने सर्तहरुः-** अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका सर्तहरुको पालना गर्नु पर्नेछः-

(क) यस ऐन बमोजिमको पूर्वाधार व्यवस्था गरेर मात्र गाँजा खेती गर्नु पर्ने,

(ख) जुन प्रयोजनको लागि अनुमतिपत्र दिईएको हो सो प्रयोजन बाहेक अन्य प्रयोजनको लागि गाँजाको प्रयोग तथा बिक्री वितरण नगर्ने र आफूले उत्पादन गरेको गाँजाको अनुमतिपत्रमा उल्लेख भएको बाहेक अन्य प्रयोजनको लागि प्रयोग नहुने कुराको सुनिश्चितता हुने गरी आवश्यक व्यवस्था गर्ने,

(ग) कुनै कारणबाट गाँजाको बोटमा नोक्सानी भएमा त्यसको प्रमाण सहितको जानकारी यथाशिघ्र नजिकको प्रहरी कार्यालय र इकाईलाई दिने,

(घ) गाँजाको बोट तयार भएपछि त्यसलाई कटान तथा भण्डारण र बिक्री गर्दा त्यसको पूर्व जानकारी इकाई, स्थानीय निगरानी समिति र नजिकको प्रहरी कार्यालयलाई गराउने,

(ङ) खेती लगाएको क्षेत्रफल, संभव भएसम्म वयस्क गाँजाको बोट संख्या, खेतीबाट उत्पादन भएको गाँजाको परिमाण,

बिक्रीको परिमाण र खरिदकर्ताको विवरण समेत खुल्ने गरी अभिलेख अद्यावधिक राख्ने र इकाईलाई सो को विवरण उपलब्ध गराउने,

(च) यस ऐनको दफा ४ को उपदफा (४) र उपदफा (५) बमोजिम हुने गरी आवश्यक व्यवस्था गर्ने,

(छ) तोकिए बमोजिमका अन्य सर्त।

१०. **अनुमतिपत्रको अवधि र नवीकरणः-** (१) अनुमतिपत्रको अवधि यस ऐनको अधीनमा रही पाँच वर्षको हुनेछ ।

(२) गाँजा खेती गर्न चाहने अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा अगावै तोकिए बमोजिम दस्तुर बुझाई अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(३) अनुमतिपत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **अनुमतिपत्र खारेज गर्न सकिनेः-** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा जुनसुकै बखत अनुमतिपत्र खारेज हुन सक्नेछः-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने सर्तको पालना नगरेको देखिएमा,

(ग) दफा १० बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा,

(घ) इकाईको पूर्व स्वीकृत नलिई अनुमतिपत्र लिंदा खरिद गर्न सम्झौता गरेको उद्योग बाहेक अन्य उद्योगलाई गाँजा बिक्री गरेको पाईएमा,

तर अनुमतिपत्र प्राप्त व्यक्तिलाई गाँजा खरिद गर्ने सुनिश्चितता गरिदिएको उद्योगले कुनै कारणबाट त्यस्तो गाँजा खरिद गर्न नसक्ने अवस्था भएमा अनुमतिपत्र प्राप्त

व्यक्तिले इकाईको स्वीकृति लिई प्रचलित कानून बमोजिम स्थापना भएको अर्को उद्योगलाई आफूले खेती गरेको गाँजा बिक्री गर्न सक्नेछ।

(ङ) गाँजा खेती गर्नको लागि यस ऐन बमोजिम कायम गर्नु पर्ने पूर्वाधार कायम नगरेको देखिएमा,

(च) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम राख्नु पर्ने अभिलेख नराखेमा वा त्यस्तो अभिलेख अनुमतिपत्र जारी गर्ने अधिकारी वा इकाईले मागेको बखत उपलब्ध नगराएमा,

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो अनुमतिपत्र खारेज गर्नको लागि निवेदन दिएमा।

(२) अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

तर सो उपदफाको खण्ड (छ) बमोजिमको अवस्थामा त्यस्तो मौका दिई रहनु पर्ने छैन।

(३) उपदफा (२) बमोजिम पेस भएको सफाई मनासिब नदेखिएमा र अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिमको कुनै काम गरे गराएको देखिएमा इकाईले अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गरेकोमा चित्त नबुझ्ने व्यक्तिले खारेज गर्ने निर्णय भएको मितिले पैंतिस दिनभित्र तोकिएको अधिकारी समक्ष उजुरी दिन सक्नेछ र त्यसरी परेको उजुरीको सम्बन्धमा तोकिएको अधिकारीले साठी दिन भित्र निर्णय गर्नु पर्नेछ।

१२. **गाँजाको कटान गर्ने वा फसल निकाल्ने**:- (१) गाँजा वयस्क भई कटान गर्ने वा फसल निकाल्ने समय भएपछि अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतीय माध्यमबाट इकाईलाई सो कुराको जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि इकाईले तोकेको निरीक्षकले वयस्क भएको गाँजाको नोक्सानी र उत्पादकत्व कम नहुने गरी

गाँजाको बोट कटान गर्ने वा फसल निकाल्ने दिन तोकी अनुमतिपत्र प्राप्त व्यक्तिलाई जानकारी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको दिनमा निरीक्षक स्थलगत रुपमा उपस्थित भइ गाँजाको बोट कटान गर्ने वा फसल निकाल्ने अनुमति दिनेछ।

(४) उपदफा (३) बमोजिम अनुमति पाएपछि कटान गरिएको बोट र फसलको परिमाण खुलाई सम्बन्धित वडाको वडा अध्यक्ष वा सदस्य, स्थानीय निगरानी समितिको सदस्य र नजिकको प्रहरी कार्यालयको प्रतिनिधिको उपस्थितिमा तोकिए बमोजिम मुचुल्का तयार गरी कार्यालयको अभिलेखमा राखी सो को एकप्रति इकाईमा पेस गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम जानकारी गराएपछि निरीक्षकले बोट कटान हुने वा फसल निकाल्ने दिन तोकी नपठाएमा वा तोकिएको दिन निरीक्षक वा सम्बन्धित कर्मचारी उपस्थित नभएमा र तत्काल गाँजाको बोट नकाटेमा वा फसल ननिकालेमा नोक्सानी हुने देखिएमा अनुमतिपत्र प्राप्त व्यक्तिले स्थानीय निगरानी समितिको संयोजक समक्ष निवेदन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदन परेमा स्थानीय निगरानी समितिको संयोजकले गाँजाको बोट कटान गर्ने वा फसल निकाल्ने अनुमति दिनेछ। स्थानीय निगरानी समितिको संयोजकले यसरी कटान गरिएको बोट र फसलको परिमाण खुलाई उपदफा (४) बमोजिम मुचुल्का तयार गरी सो को एकप्रति इकाईमा पठाउनु पर्नेछ।

१३. **सिलबन्दी गरेर मात्र गाँजाको ओसारपसार गर्नुपर्नेः-** (१) औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाजन्य पदार्थ लोड भएको ढुवानी साधन वा प्याक भएको बोरा, बाकस, थैलो वा अन्य यस्तै प्रकृतिका सामग्रीहरुमा निरीक्षकले सिल लगाई सोको विस्तृत विवरण उल्लेख गरेर मात्र ओसारपसार गर्न अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिलबन्दी गर्दा ओसारपसार गर्ने ढुवानी साधनको हकमा बलियो धातुको तारले र अन्य ढुवानी गर्ने सामग्रीको हकमा एक वा एकभन्दा बढी ठाउँमा सिल गरी ओसारपसार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिलबन्दी गरी चलान भएको ढुवानी साधन वा अन्य ढुवानी गर्ने सामग्री सिल खोली निरीक्षण वा चेक गर्न पाईने छैन।

तर कुनै कारणले ढुवानी साधन वा अन्य ढुवानी गर्ने सामग्री चेकजाँच गर्न पर्ने अवस्था आएमा अन्तिम गन्तव्यमा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट खटाइएको कर्मचारी र नजिकको प्रहरी कार्यालयका प्रतिनिधिको रोहवरमा मात्र गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम कुनै स्थानबाट सिलबन्दी भई हिंडेको ढुवानी साधन वा अन्य ढुवानी गर्ने सामग्री अन्तिम गन्तव्यमा प्रवेश गर्नुपूर्व ढुवानी साधन बिग्रिई वा भवितव्य परी जान नसक्ने अवस्था भएमा जुन जिल्लामा बिग्रिएको हो वा भवितव्य परेको हो सो जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट खटाइएको कर्मचारी र नजिकको प्रहरी कार्यालयका प्रहरी प्रतिनिधिको रोहवरमा पुनः सिल गरी अनुमति पत्रको पछाडी लोड गरेको विवरण, नाम, पद र मिति उल्लेख गरी दस्तखत गरेर छोड्नु पर्नेछ।

१४. **<u>प्रयोगशाला र परीक्षण सम्बन्धी व्यवस्थाः-</u>** (१) औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाको बिरुवाको कटान, भण्डारण र बिक्रीवितरण गर्नु अघि रसायनिक पदार्थ टेट्राहाइड्रोक्यानाबिनोलको मात्रा परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गाँजाको बिरुवाको रसायनिक पदार्थको परीक्षण गर्न प्रदेश सरकारले आफैं वा प्रदेश भित्रका शैक्षिक संस्था वा अनुसन्धान संस्थासँगको साझेदारीमा प्रयोगशाला स्थापना गरी सञ्चालन गर्न वा प्रदेश भित्रकै कुनै प्रयोगशालामा परीक्षण गर्ने गरी तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने प्रयोगशालाको सञ्चालन, मापदण्ड, गुणस्तर नियन्त्रण र परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **<u>नष्ट गर्नुपर्ने</u>**:- (१) यस ऐन बमोजिम औषधिजन्य कच्चा पदार्थ र औद्योगिक कच्चा पदार्थको रुपमा गाँजाजन्य पदार्थ उपलब्ध गराउने गरी अनुमतिपत्र प्राप्त गरेको उद्योगले दफा १२ बमोजिम गाँजाको बोट कटान गरी वा फसल निकालिसकेपछि त्यसमा रहेको लागू औषधिको रुपमा प्रयोग हुन सक्ने गाँजाजन्य पदार्थ गाँजा नष्ट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गाँजा नष्ट गर्दा त्यसरी नष्ट गरिएको गाँजाको विवरण र परिमाण खुलाई दफा १२ को उपदफा (४) बमोजिम मुचुल्का तयार गरी एक एक प्रति इकाई र नजिकको प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले उपयुक्त देखेमा गाँजाको अध्ययन, अनुसन्धानको लागि अनुसन्धान गर्ने शैक्षिक संस्था वा अनुसन्धान संस्थालाई अनुसन्धान प्रयोजनको लागि नष्ट गर्नुपर्ने भनी तोकिएको गाँजा वा गाँजाजन्य पदार्थ उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद-३

## निर्देशक समिति, निरीक्षक तथा अन्य संस्थागत व्यवस्था

१६. **निर्देशक समिति सम्बन्धी व्यवस्थाः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिबाट गरिने गाँजा खेतीको अनुगमन तथा निर्देशन सम्बन्धी काम समेतको लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रदेश सरकारको मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) | कृषि सम्बन्धी विषय हेर्ने मन्त्री | - सदस्य |
| (ग) | स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्री | - सदस्य |
| (घ) | उद्योग सम्बन्धी विषय हेर्ने मन्त्री | - सदस्य |
| (ङ) | वन सम्बन्धी विषय हेर्ने मन्त्री | -सदस्य |
| (च) | प्रदेश सरकारको प्रमुख सचिव | -सदस्य |
| (छ) | प्रदेश प्रहरी प्रमुख | -सदस्य |
| (ज) | आन्तरिक मामिला हेर्ने मन्त्रालयको सचिव | -सदस्य |
| (झ) | निर्देशक | -सदस्य सचिव |

(२) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) निर्देशक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा सो समितिको बैठक बस्नेछ ।

(४) निर्देशक समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले निर्देशक समितिका सदस्यहरुलाई दिनेछ।

(५) निर्देशक समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा निर्देशक समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) निर्देशक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(७) निर्देशक समितिको बैठकको निर्णय निर्देशक समितिको अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

(८) निर्देशक समितिले आवश्यक ठानेमा कुनै विशेषज्ञ वा पदाधिकारीलाई सो समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(९) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाँजा खेती गर्ने जिल्ला तथा स्थानीय तहको पहिचान तथा क्षेत्र निर्धारणको लागि सम्बन्धित निकायलाई निर्देशन दिने,

(ख) गाँजा खेतीलाई व्यवस्थित र नियन्त्रित गर्ने सम्बन्धमा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली कार्यान्वयनको सम्बन्धमा कुनै समस्या वा द्विविधा भएमा सो समस्याको समाधान गर्ने,

(ग) गाँजा खेतीबाट भएको गाँजाको उत्पादनलाई प्रशोधन गरी औषधि उत्पादन वा अन्य उपभोग्य वस्तुको उत्पादनको लागि प्रोत्साहन गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था मिलाउन आवश्यक समन्वय, सहजीकरण र पहल गर्ने,

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिले बिक्री गरेको गाँजा खरिद गर्ने उद्योगलाई त्यस्तो गाँजा आफ्नो उद्योगसम्म ढुवानीमा समन्वय गर्न तथा सुरक्षाको व्यवस्था गर्न लगाउने,

(ङ) यस ऐनको प्रतिकुल हुने गरी गरिएको गाँजा खेती नष्ट गर्न निर्देशन दिने,

(च) निर्देशक तथा निरीक्षकको काम कारबाहीको सम्बन्धमा आवश्यक निर्देशन दिने,

(छ) गाँजा खेती गरे बापत बुझाउनु पर्ने करको दर निर्धारण गर्न सिफारिस गर्ने,

(ज) अनुमतिपत्र प्राप्त व्यक्तिलाई गाँजा खेतीको लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन समन्वय गर्ने तथा सम्बन्धित निकायलाई निर्देशन दिने,

(झ) इकाईको काम कारबाही सम्बन्धमा परेका उजुरी हेर्ने,

(ञ) तोकिए बमोजिमको अन्य काम गर्ने गराउने।

१८. **<u>इकाई रहने:</u>** (१) गाँजा खेतीको लागि यस ऐन बमोजिम अनुमतिपत्र जारी गर्ने तथा सो को अनुगमन गर्न निर्देशक, निरीक्षक तथा आवश्यक संख्यामा अन्य कर्मचारी रहने गरी मन्त्रालय मातहत एक गाँजा खेती नियमन तथा व्यवस्थापन इकाई रहनेछ।

(२) इकाईले निर्देशक समितिको सामान्य निर्देशनमा रही काम गर्नु पर्नेछ।

(३) इकाईको प्रमुखको रुपमा तोकिए बमोजिमको योग्यता वा अनुभव भएको नवौं/दशौं तहको कर्मचारी निर्देशक रहनेछ।

(४) इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस ऐन तथा यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डको कार्यान्वयन गर्ने, गराउने,

(ख) गाँजा खेती सम्बन्धी अनुमतिपत्र जारी, नवीकरण, निलम्बन वा खारेजी सम्बन्धी कार्य गर्ने,

(ग) अनुमतिप्राप्त व्यक्ति, फर्म वा संस्था एवम् गाँजा खेतीसँग सम्बन्धित अभिलेख, विवरण तथा तथ्याङ्क सङ्कलन गरी विवरण अद्यावधिक राख्ने तथा सो को प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गर्ने,

(घ) गाँजा खेती, उत्पादन, ढुवानी तथा बिक्रीवितरणको नियमित अनुगमन तथा निरीक्षण गर्ने, गराउने,

(ङ) यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डको उल्लङ्घन भएमा प्रचलित कानून बमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने वा तोकिए बमोजिम कारबाही गर्ने,

(च) गाँजा खेती सम्बन्धी प्राविधिक मापदण्ड, गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्थापकीय कार्य गर्ने,

(छ) सम्बन्धित निकाय, स्थानीय तह तथा सुरक्षा निकायसँग समन्वय गरी गाँजा खेतीको नियमन सम्बन्धी कार्य प्रभावकारी बनाउने,

(ज) निर्देशक समितिले दिएको निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(झ) गाँजा खेती तथा यसको उपयोग सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने निकायसँग आवश्यक समन्वय गर्ने,

(ञ) लागू औषधको रुपमा गाँजाको उपभोगलाई निरुत्साहित गर्न सचेतना कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ट) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने।

(५) यस ऐनमा अन्यत्र उल्लेख भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त इकाईको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१९. <u>**निरीक्षक सम्बन्धी व्यवस्था:**</u> (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन बमोजिम पालना गर्नु पर्ने सर्तहरु पालना वा पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि मन्त्रालयले गाँजा खेती वा सोको प्रयोग सम्बन्धमा योग्यता वा अनुभव भएका प्रदेश निजामती सेवा वा स्थानीय सेवामा कार्यरत कम्तिमा अधिकृतस्तर सातौं तहका कर्मचारीलाई आवश्यक संख्यामा निरीक्षकको रुपमा तोकी खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षकको योग्यता भएका प्रदेश सरकारको सेवाका कर्मचारी उपलब्ध नभएमा प्रदेश सरकारले नेपाल सरकार

मार्फत गाँजा खेती वा सोको प्रयोग सम्बन्धमा योग्यता वा अनुभव भएका अधिकृतस्तरको कर्मचारी काजमा माग गर्न सक्नेछ।

२०. **<u>निरीक्षकको काम, कर्तव्य र अधिकार:</u>** (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने सर्त पालना भए नभएको नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्ने,

(ख) अनुगमन तथा निरीक्षणको क्रममा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने सर्त पालना नगरेको पाईएमा पहिलो पटक र सामान्य अवज्ञा भएको अवस्था भएमा पालना गर्न लगाउने तथा सर्तको गम्भीर र पटक पटक उल्लङ्घन गरेको देखिएमा अनुमतिपत्र खारेजीको लागि इकाई समक्ष सिफारिस गर्ने,

(ग) अनुगमन तथा निरीक्षणको क्रममा अनधिकृत रुपमा गाँजा खेती गरेको वा बिक्री गरेको पाईएमा इकाईलाई जानकारी गराई स्थानीय सुरक्षा निकायको सहयोगमा नष्ट गर्ने गराउने,

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिलाई निजबाट उत्पादन भएको गाँजाको अनधिकृत रुपमा प्रयोग हुन नदिन सतर्कता अवलम्बन गर्न सुझाव दिने,

(ङ) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन बमोजिम बनेको नियमावली बमोजिमको अभिलेख राखे नराखेको जाँच गर्ने,

(च) अनुमतिपत्र प्राप्त व्यक्तिबाट गाँजा स्याहार्दा वा नष्ट गर्दा रोहबरको लागि अनुरोध भई आएमा आफ्नो

रोहबरमा त्यस्तो कार्य गर्न लगाई सोको प्रतिवेदन इकाईमा पठाउने,

(छ) आफूलाई तोकिएको कार्यक्षेत्रमा अनुमतिपत्र प्राप्त व्यक्तिबाट गरिएका गाँजा खेती सम्बन्धी प्राप्त विवरण तथा अभिलेख एकीकृत र अद्यावधिक गरी मासिक रुपमा इकाईमा पठाउने।

(३) उपदफा (२) बमोजिम निरीक्षण गर्दा कुनै अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन बमोजिम हुनु पर्ने पूर्वाधार नभएको वा पटक पटक पालना गर्नु पर्ने सर्तको पालना नगरेको अवस्था देखिएमा निरीक्षकले त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिको अनुमतिपत्र खारेज गर्ने कारबाहीको लागि इकाई समक्ष सिफारिस गर्न सक्नेछ।

(४) यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२१. <u>**स्थानीय निगरानी समितिः**</u> (१) गाँजा खेतीको लागि अनुमतिपत्र प्रदान गरिएको स्थानीय तहको सम्बन्धित वडामा गाँजा खेतीको निगरानी तथा अनुगमन समेतको लागि देहाय बमोजिमको स्थानीय निगरानी समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | गाँजा खेती रहेको सम्बन्धित वडाको वडा अध्यक्ष | -संयोजक |
| (ख) | प्रतिनिधि, नजिकको प्रहरी कार्यालय | -सदस्य |
| (ग) | स्थानीय तहको कृषि शाखाको प्रमुख | -सदस्य |
| (घ) | स्थानीय तहको स्वास्थ्य शाखाको प्रमुख | -सदस्य |
| (ङ) | सम्बन्धित वडाभित्रका समाजसेवी मध्येबाट स्थानीय तहको कार्यपालिकाबाट मनोनित कम्तीमा एक जना महिला सहित दुईजना | -सदस्य |
| (च) | स्थानीय तहको कृषक प्रतिनिधि एक जना | -सदस्य |
| (छ) | सम्बन्धित वडाको वडा सचिव | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको स्थानीय निगरानी समितिको बैठक, काम कर्तव्य र अधिकार तथा तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## कसूर र सजाय सम्बन्धी व्यवस्था

२२. **कसूर गरेको मानिने:** (१) कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) अनुमतिपत्र प्राप्त नगरी गाँजा खेती गरेमा वा अनुमतिपत्रमा उल्लेख गरिएको जग्गा भन्दा फरक जग्गा र अनुमतिपत्रमा उल्लेख भएको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा गाँजा खेती गरेमा,

(ख) यस ऐन विपरीत अन्य कसैलाई गाँजा बिक्री वितरण गरेमा,

(ग) यस ऐन बमोजिम राख्नु पर्ने विवरण वा अभिलेख नराखेमा वा समय समयमा यस ऐन बमोजिम पठाउनु पर्ने विवरण सम्बन्धित निकाय वा अधिकारीलाई नपठाएमा,

(घ) अनुमति नलिइ वा सिलबन्दी नगरी गाँजाजन्य पदार्थको ओसारपसार गरेमा वा सिलबन्दी गरेको परिमाण भन्दा घटी बढी गरी गाँजाजन्य पदार्थ ओसारपसार गरेमा,

(ङ) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको विपरीत अन्य कुनै काम गरेमा।

(२) कसैले उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिमको कसूर गरेमा लागू औषध सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(३) कसैले उपदफा (१) को खण्ड (ग), (घ) वा (ङ) बमोजिमको कसूर गरेमा निरीक्षकको प्रतिवेदनको आधारमा निर्देशकले कसूरको प्रकृति हेरी पचास हजार रुपैंयाँ देखि पाँचलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

२३. **अनुसन्धान तथा तहकिकातको लागि लेखी पठाउने:** कसैले दफा २२ को खण्ड (क) वा (ख) बमोजिमको कसूर गरेको देखिएमा वा जानकारीमा आएमा

निरीक्षकले उपलब्ध भएसम्मको जानकारी संलग्न गरी त्यस्तो व्यक्तिलाई लागू औषध सम्बन्धी प्रचलित कानून बमोजिम अनुसन्धान तथा तहकिकातको लागि निर्देशकले सम्बन्धित निकायमा लेखी पठाउनेछ।

२४. **पुनरावेदनः** दफा २२ को उपदफा (१) को खण्ड (ग), (घ) वा (ङ) बमोजिमको कसूरमा निर्देशकले गरेको जरिबानाको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद–५

## विविध

२५. **गाँजाजन्य पदार्थको उपयोगः** (१) औषधिजन्य वा औद्योगिक प्रयोजनका लागि अनुमति प्राप्त व्यक्ति वा उद्योगबाट कच्चापदार्थको लागि खरिद गरेको गाँजाजन्य पदार्थ जुन प्रयोजनका लागि खरिद गरिएको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपयोग गरिएको गाँजाको परिमाणको अभिलेख तोकिए बमोजिम अद्यावधिक गरी राख्नु पर्नेछ।

२६. **मानव स्वास्थ्यमा प्रतिकुल असर पर्ने गाँजा खेतीको प्रजातीमा रोक लगाउन सकिनेः** औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गरिने गाँजाखेती बारे अध्ययन अनुसन्धानबाट मानव स्वास्थ्यमा प्रतिकुल असर पार्ने देखिए त्यस्तो गाँजाका प्रजातीलाई खेती गर्न प्रदेश सरकारले रोक लगाउन सक्नेछ।

२७. **पुनःस्थापना केन्द्र स्थापना तथा सञ्चालनः** (१) लागू औषधको रुपमा गाँजाको प्रयोग हुनसक्ने सम्भावित जोखिम न्यूनीकरण गर्न वा गाँजा दुर्व्यसनको उपचार तथा पुनःस्थापनाका लागि प्रदेश सरकारले चिकित्सा सेवा सहितको पुनःस्थापना केन्द्र सञ्चालन गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको लगानी र व्यवस्थापनमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले समुदाय वा गैरसरकारी संस्थासँगको साझेदारीमा पुनःस्थापना केन्द्र सञ्चालन गर्न सक्नेछ।

(३) पुनःस्थापना केन्द्रले गाँजा खेती गरिएको क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी वा सेवन गर्दा हुने हानी नोक्सानी वा मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावको सम्बन्धमा इकाईसँग समन्वय गरी प्रभावित समुदायमा समय समयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(४) पुनःस्थापना केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **जग्गाको हदबन्दी सम्बन्धी व्यवस्थाः** यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले गाँजा खेतीको लागि उपयोग गर्ने जग्गाको हदबन्दीको विषयमा प्रचलित कानून बमोजिम कृषि तथा वन पैदावारमा आधारित उद्योगले पाए सरह छुट हुनेछ।

२९. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐन बमोजिम गाँजा खेतीको लागि अनुमतिपत्र जारी गरिने उद्योग वा सो खेतीबाट उत्पादित गाँजाजन्य पदार्थ प्रयोग गरिने औषधि उद्योग वा उपभोग्य उद्योगमा गरिने विदेशी लगानी तथा गाँजा तथा गाँजाबाट उत्पादन भएका औषधि तथा उपभोग्य वस्तुको निकासी तथा बिक्री सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

३०. **कृषि आयको रुपमा कर लगाउनेः** यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले गाँजा खेतीबाट गरेको आयमा प्रदेश सरकारको औषधिजन्य वा औद्योगिक प्रयोजनमा प्रयोग भएको परिमाणको आधारमा प्रचलित आर्थिक कानूनमा निर्धारण भए बमोजिमको कृषि आयको रुपमा कर बुझाउनु पर्नेछ।

३१. **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमावली, बनाउन सक्नेछ।

(२) यो ऐन बमोजिम बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

प्रमाणीकरण मितिः- २०८३/०४/१८

आज्ञाले,
ऋषिराज आचार्य
प्रदेश सचिव

मुद्रणः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.५०।-